नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति : ..................................

# प्रेस विज्ञप्ति

आज मिति २०७३/१२/१३ गते आइतवारका दिन "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा "प्रधानमन्त्री कार्यालयबाटै संविधान उल्लंघन" शीर्षकमा प्रकाशित समाचारप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका वार्षिक प्रतिवेदनहरू संसदमा पेश नभएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बेवास्ताका कारण उक्त प्रतिवेदन संसद समक्ष पेश हुन नसकेको भन्ने समाचारमा कुनै सत्यता छैन । यस कार्यालयमा प्राप्त राष्ट्रिय मानव अधिकार आयोगका वार्षिक प्रतिवेदनहरू कार्यालयले निरन्तररूपमा व्यवस्थापिका-संसद सचिवालयमा पठाउँदै आएको छ । यसै क्रममा पछिल्लो पटक आयोगको आ.व. २०७१/७२ को प्रतिवेदन मिति २०७२/९/२ मा र आ.व. २०७२/७३ को प्रतिवेदन मिति २०७३/१०/३ मा व्यवस्थापिका-संसद सचिवालयमा बुझाइएको व्यहोरा स्पष्ट पार्दै निराधार र काल्पनिक विवरण समावेश गरी प्रकाशित उक्त समाचारबाट कोही पनि भ्रममा नपर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

..................................
चिरञ्जिवी पौडेल
उपसचिव/सहायक प्रवक्ता

२०७३ चैत्र १३ गते

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np